मध्यपश्चिम विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्याः
चलानी नं.:

मितिः २०८०/०४/०८

## परीक्षा आवेदन फारम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको विभाग/क्याम्पसमा आफ्नो परीक्षा फारम भरी बुझाउनुहोला । परीक्षा फारम www.muexam.edu.np वेवसाइटमा Online Exam Form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फारम भौतिक रुपमा पनि सम्बन्धित विभाग/क्याम्पसमा बुझाउनुहोला ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| ह्युमानिटिज एण्ड सोसल साइन्सेज | स्नातकोत्तर | MA (All Program) | प्रथम |
| मेनेजमेन्ट | स्नातकोत्तर | MBS/MBA | प्रथम |
| एडुकेशन | स्नातकोत्तर | MEd (All Program) | प्रथम |
| इन्जिनियरिङ्ग | स्नातकोत्तर | MSc in Structural Engineering, Construction Management | प्रथम |
| साइन्स एण्ड टेक्नोलोजी | स्नातकोत्तर | MSc Physics | प्रथम |

**पुनश्चः**

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका सम्पूर्ण व्याचका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन् ।

२) सन २०२३ को व्याचमा नियमित अध्ययनरत केन्द्रीय क्याम्पसका विद्यार्थीहरुले फारम भर्दा आफूले अध्ययन गरेको केन्द्रीय विभाग र कार्यक्रममा छानेर परीक्षा फारम भर्नुपर्नेछ ।

३) स्नातकोत्तर तह MA र MEd को हकमा २०२१ को व्याचका प्रथम सेमेस्टरका आंशिक विद्यार्थीहरुले परीक्षा फारम भर्दा आफुले अध्ययन गरेको कार्यक्रममा छानेर भर्नुपर्नेछ । सो व्याच वाहेकका सबै पुराना व्याचका आंशिक विद्यार्थीहरुले Master of Arts र Master of Education कार्यक्रममा परीक्षा फारम भर्नुपर्नेछ ।

४) स्नातकोत्तर तह २०१२ व्याचदेखि २०१९ व्याचसम्मका पुराना आंशिक विद्यार्थीहरुले एकपटकका लागि परीक्षा आवेदन फारम भर्न सक्नेछन् ।

५) परीक्षा फारम मिति २०८० श्रावण ०८ गते देखि २०८० श्रावण २२ गते सम्म नियमित शुल्क र २०८० श्रावण २३ गते देखि २०८० श्रावण २४ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।

६) मिति २०८० श्रावण २६ गते साँझ ५:०० बजे सम्म परीक्षा फारम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

७) परीक्षा फारम पठाउदा विद्यार्थीले भरेको Online Exam Form र भौतिक रुपमा भरको फारमलाई रुजु गरी प्राप्त Sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।

८) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा विभागीय/क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- (अक्षरेपी चारसय मात्र) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालयबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

९) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

२०८०/०४/०८

नरेन्द्र प्रकाश सावद
परीक्षा व्यवस्थापन प्रमुख